# कुश्मा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कुश्मा, पर्वत ।

पत्र संख्याः ०८२/०८३
चलानी नः

गण्डकी प्रदेश,नेपाल


मितिः२०८३/०३/३२

### <u>सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्ने सम्बन्धि सुचना ।</u>

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ.व. २०८३/०८४ मा निरन्तर रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्ति सुनिश्चित गर्नको लागि सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ बमोजिम मिति <u>२०८३ श्रावण १ गते देखि असोज मसान्त</u> भित्र तपसिल बमोजिमका कागजातहरु सहित सम्बन्धित वडा कार्यालय, अस्थायी बसोबास रहेको वडा कार्यालयमा समेत- Biometric गरिसकेको अवस्थामा (सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०८२ को दफा ७ को उपदफा २ बमोजिम) स्वयम उपस्थित भई निवेदन दर्ता गराई राष्ट्रिय परिचय पत्र नं को बायोमेट्रिक भेरिफिकेसन गरि सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउनुहुनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

साथै दलित बालबालिका, पुर्ण अपाङ्गता ('क') वर्ग र आफै उपस्थित हुन नसक्ने ९० वर्ष भन्दा माथिका व्यक्तिको हकमा निजको आमाबुवा वा संरक्षक उपस्थित भई नविकरणको लागि निवेदन दिन सक्नेछन।

<u>तपसिल</u>

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि/ राष्ट्रिय परिचयपत्र नम्बर
- दलित बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकताको प्रतिलिपि,
- अपाङ्गताको हकमा अपाङ्ग परिचयपत्रको प्रतिलिपि,जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि वा नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा र ६० वर्ष माथीका एकल महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र वडा कार्यालयबाट अर्को विवाह नगरेको सिफारिस,
- सम्वन्ध विच्छेद गरि अर्को विवाह नगरेको महिला (६०वर्ष माथि) को हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाण पत्रको प्रतिलिपि र अर्को विवाह नगरेको सिफारिस,
- विवाह नगरी बसेकी महिला(६० वर्ष माथी) को हकमा विवाह नगरेको प्रमाण,
- बसाईसराइ दर्ता प्रमाणपत्रको प्रतिलिपि,(नागरिकता प्रमाणपत्रको स्थायी ठेगाना हाल सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको ठेगाना भन्दा फरक परेको हकमा)
- १ प्रति पासपोर्ट साईजको फोटो,सामाजिक सुरक्षा भत्ताको परिचयपत्र,सम्पर्क नं र तिन पुस्ते विवरण ।

*नोटः(तोकिएको समयमा परिचय पत्र नविकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रणाली मार्फत स्वत निष्कृय हुने छ)*

किरण पौडेल
प्रमुख प्रशासकीय अधिकृत